आर्थिक अभियान | शुक्रवार, ३२ जेठ २०८१ | Friday, 14 June 2024

# स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
# Swabalamban Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाडौं ।
फोन नं.: ०१-४५३४९२१/२२, फ्याक्सः ०१-४५४१५२५

## आवश्यकता

**(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/०२/३२)**

यस वित्तीय संस्थाको लागि कार्यक्रम संचालन तथा विस्तार गर्न कनिष्ठ सहायक प्रशिक्षार्थी (तालिमे) हरु आवश्यक भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त दिनुहुन आब्हान गरिन्छ । वित्तीय संस्थाको हितलाई ध्यानमा राखी प्राप्त दरखास्तहरु कारण खोली वा नखोली अस्वीकृत गर्ने वा यस विज्ञापनलाई रद्द गर्ने सबै अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ ।

**तपसिल**

१. **विज्ञापन नं.,पद, काम गर्नुपर्ने क्षेत्र र आवश्यक संख्या**

| क्र.सं. | विज्ञापन नं. | पद/तह | तह | काम गर्नुपर्ने क्षेत्र | आवश्यक संख्या | दरखास्त पेस गर्न सकिने स्थान/माध्यम |
|---|---|---|---|---|---|---|
| १. | ७/२०८०/८१ | कनिष्ठ सहायक प्रशिक्षार्थी (तालिमे) | ४(ख) | यस वित्तीय संस्थाको कार्यक्षेत्र भित्रको जुनसुकै कार्यालय | केही | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.को वेवसाइट www.swbbl.com.np |

२. **न्यूनत्तम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्था/बोर्डबाट न्यूनतम एस.एल.सी.वा सो सरह उत्तीर्ण भएको हुनपर्नेछ । नेपाल परीक्षा बोर्डबाट संचालित एस.ई.ई. परीक्षामा सहभागी भएकाहरुको हकमा उक्त परीक्षामा स्तरीकृत अङ्क न्यूनतम १.६ (उपलब्धिस्तर "डि") हाँसिल गरेको हुनुपर्नेछ ।

३. **उमेर :** उमेदवार हुनको लागि दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । तर महिलाको हकमा उमेरको हद ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

४. **अनुभव :** लघुवित्त वित्तीय संस्थाहरुमा केन्द्र बैठक संचालन तथा व्यवस्थापन सम्बन्धी काम गरेको अनुभव भएका व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

५. **तालिम :** आधारभूत कम्प्युटर तालिमं लिएको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ ।

६. **सवारी साधन चालक अनुमतिपत्र :** मोटरसाईकल/स्कूटरको चालक अनुमतिपत्र प्राप्त गरेका व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

७. **प्रतियोगिताको किसिम :** (क) लिखित परीक्षा (ख) फिल्ड अवधारणा (ग) कम्प्युटर संचालन (वर्ड, एक्सेल, पावरप्वाइन्ट, इमेल, इन्टरनेट आदि) सम्बन्धी प्रयोगात्मक परीक्षा (घ) अन्तरवार्ता ।

८. **सर्ट लिष्ट :** लिखित परीक्षाको लागि प्राप्त दरखास्तहरु मध्ये वित्तीय संस्थाले तोकेको योग्यता पुगेको आधारमा छोटो सूची तयार गरिनेछ । सो सूचीमा छनौट भएका आवेदकहरुलाई परीक्षा हुने मिति, समय र स्थानको सूचना वित्तीय संस्थाको वेवसाइट www.swbbl.com.np मा सूचना प्रकाशन गरी जानकारी गराइनेछ ।

९. **पाठ्यक्रम :** लिखित परीक्षाको पाठ्यक्रम वित्तीय संस्थाको वेवसाइट www.swbbl.com.np मा सूचना प्रकाशन गरी जानकारी गराइनेछ ।

१०. **परीक्षा दस्तुरः** लिखित परीक्षाको प्रवेश पत्र लिन आउदा परीक्षा दस्तुर रु.५०० बुझाउनु पर्नेछ । परीक्षा दस्तुर बुझाएपछि मात्र लिखित परीक्षामा सहभागी गराइनेछ । बुझाएको परीक्षा दस्तुर फिर्ता हुंने छैन ।

११. वित्तीय संस्थाको कार्यक्षेत्रका वासिन्दा तथा ग्राहक सदस्यहरुका परिवारका सदस्यहरुलाई दरखास्त दिन प्रोत्साहन गरिन्छ ।

१२. लिखित परीक्षा, फिल्ड अवधारणा, कम्प्युटर संचालन सम्बन्धी प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताबाट वित्तीय संस्थालाई आवश्यक दरबन्दी संख्या सम्मका योग्यताक्रमानुसार सिफारिस भएका उमेदवारहरुलाई वित्तीय संस्थाको नियमानुसार प्रशिक्षार्थी (तालिमे) को रुपमा खटाइनेछ । अन्य उपयुक्त उमेदवारहरुलाई रोष्टरमा राखी पछि आवश्यकता बमोजिम तालिममा सहभागी हुन बोलाउन सकिनेछ ।

१३. प्रशिक्षार्थी (तालिमे) को प्रशिक्षण अवधि ६ महिनाको हुनेछ । कार्य सम्पादन सन्तोषजनक नभएमा वित्तीय संस्थाको प्रचलित कर्मचारी सेवा विनियमावली बमोजिम हुनेछ । **उक्त अवधिभर प्रशिक्षार्थी भत्ता वाहेक अन्य कुनै सुविधा उपलब्ध हुने छैन** । प्रशिक्षार्थीको कार्यसम्पादन सन्तोषजनक भएमा मात्र वित्तीय संस्थाको नियमानुसार परीक्षणकालमा नियुक्ति गरिनेछ ।

१४. छनौट भएका तालिमेले सेवा पूर्व प्रशिक्षण (तालिम) मा वित्तीय संस्थाले खटाएको जुनसुकै कार्यालयमा बसी काम गर्नुपर्नेछ ।

१५. **दरखास्त पेश गर्ने अन्तिम मिति :** २०८१ साल आषाढ १४ गते शुक्रवारसम्म हुनेछ ।